apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




समाचार पृष्ठ २
संघीयतामाथि प्रहार किन ?

● वर्षः १२ ● अंकः १६६ ● पृष्ठः ४ ● १९ असार २०८३ शुक्रबार (03 July 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## सिरहामा ९ लाख २६ हजार रुपैयाँभन्दा बढीका अवैध सामान र तीन मोटरसाइकल बरामद

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १८ गते**

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण सिरहाले भारतबाट भन्सार छली नेपालतर्फ ल्याइँदै गरेको तथा नेपालबाट अवैध रूपमा भारततर्फ लैजाँदै गरिएको करिब ९ लाख २६ हजार ८५० रुपैयाँ बराबरका सामान र तीन वटा मोटरसाइकल बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण सिरहाका गण प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार बिहीबार दिउँसो करिब १ बजे सिरहा नगरपालिका-१६ खिरौनास्थित क्षेत्रमा खटिएको गस्ती टोलीले विशेष सूचनाका आधारमा चेकजाँच गर्ने क्रममा उक्त सामान बरामद गरेको हो।

बरामद गरिएका सामानमा किराना सामग्री, विभिन्न प्रकारका कपडा, तीन वटा मोटरसाइकल तथा कस्तुरी ब्रान्डको मदिरा रहेका छन्। बरामद गरिएका सबै सामानको अनुमानित मूल्य ९ लाख २६ हजार ८५० रुपैयाँ रहेको गण प्रमुख सशस्त्र प्रहरी



उपरीक्षक थापाले जानकारी दिए।

बरामद गरिएका सामान आवश्यक कानुनी कारबाही तथा राजस्व असुलीका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाउने प्रक्रिया भइरहेको सशस्त्र प्रहरी बलले जनाएको छ।

भारतसँग खुला सीमा जोडिएको सिरहा क्षेत्रमा पछिल्लो समय भन्सार छली गरी सामान ओसारपसार गर्ने गतिविधि नियन्त्रण गर्न सशस्त्र प्रहरीले निगरानी तथा गस्तीलाई तीव्र बनाएको जनाएको छ। साथै, अवैध आयात-निर्यात तथा राजस्व छल्ने गतिविधिविरुद्ध कारबाहीलाई निरन्तरता दिइने सशस्त्र प्रहरीले जनाएको छ।

## बुहारीलाई आत्महत्या गर्न बाध्य बनाएको आरोपमा एक व्यक्ति पक्राउ

**अपन दैनिक संवाददाता**
**सप्तरी, असार १८ गते**

आफ्नै बुहारीलाई पटक पटक यौन दुर्व्यवहार गरी आत्महत्या गर्न बाध्य बनाएको आरोपमा सप्तरी प्रहरीले एक व्यक्तिलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बोदेबरसाईन नगरपालिका-४ सिलहट प्रसाहीका ४० वर्षीय रामेश्वर राम रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

उनीविरुद्ध आत्महत्या दुरुत्साहनको मुद्दामा अनुसन्धान अघि बढाइएको सप्तरी प्रहरीका प्रवक्ता डीएसपी हेमराज घिमिरेले जानकारी दिए।

रामेश्वरकी बुहारी सरस्वती रामको




शव २०८३ असार १३ गते बिहान सुत्ने कोठामा झुण्डिएको अवस्थामा फेला परेको थियो।

स्थानीयका अनुसार ससुरा रामेश्वर रामलाई आफ्नै बुहारीमाथि पटक-पटक यौन दुर्व्यवहार गर्ने

बाँकी पृष्ठ २ ▸▸

## बिनाकारण पेट्रोलपम्प बन्द गरे १० लाखसम्म जरिबाना

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १८ गते**

अब बिनाकारण पेट्रोलपम्प बन्द गर्ने व्यवसायीलाई तीन लाखदेखि १० लाख रुपैयाँसम्म जरिबाना हुने भएको छ।

नेपाल आयल निगम लिमिटेडले देशभरका पेट्रोल पम्पको नियमन गर्न बनाएको पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली संशोधन गरेर यस्तो व्यवस्था गरेको हो।

यस्तै पाँच दिनदेखि १५ दिनसम्म

बाँकी पृष्ठ ४ ▸▸

## सरकार कुम्भकर्ण निद्रामा छ, घण्टी बजाएरै जगाउने बेला आयो: यादव

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १८ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद पुरुषोत्तम यादवले सरकार कुम्भकर्ण निद्रामा रहेकोले घण्टी बजाएरै जगाउने बेला बताएका छन्।

बिहीबार प्रतिनिधिसभाको बैठकमा उनले युवाहरू लागुऔषधको दलदलमा डुब्दा सरकार त्यसलाई नियन्त्रण गर्न असफल भएको बताए। सिरहामा मात्र पछिल्लो १५ दिनमा छ वटा मुद्दा दर्ता र १२ जना पक्राउ परेको तथ्यांक प्रस्तुत गर्दै उनले देशभरको अवस्था अझ भयाभय रहेको बताए।

"देशका युवा लागुऔषधको दलदलमा डुब्दा पनि सरकार कुम्भकर्ण निद्रामा छ," यादवले भने, "विहीबार सरकारलाई घण्टी बजाएरै जगाउने बेला आएको छ। तथ्यांक अत्यन्तै डर लाग्दो छ।"

आफूले लागुऔषध नियन्त्रणको



लागि प्रतिनिधिसभाको राज्य व्यवस्था समिति देखि सञ्चार माध्यममा समेत लागुऔषधको कुरा उठाउँदा सरकारले हालसम्म नसुनेको उनको भनाइ थियो। यादवले लागुऔषध नियन्त्रणको सफलता पक्राउको संख्यामा बढ्नुमा नभई कुलतमा फसेका युवाहरूको संख्या घट्नुमा हुने बताए।

"सरकारसँग न स्पष्ट कार्य योजना छ। न त युवालाई बचाउने दृढ इच्छा शक्ति छ," उनले भने, "लागुऔषध नियन्त्रणको सफलता पक्राउको संख्यामा होइन। कुलतमा फसेका युवाहरूको संख्या घटेको आधारमा मापन हुनपर्छ। तस्करमाथि निर्मम कारबाही गर्दै कडा कार्ययोजना ल्याउन सरकारसँग माग गर्दछु।"

## बजेट विवाद: मधेश प्रदेशसभा बैठक अनिश्चित समयका लागि स्थगित



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार १८ गते**

बजेट संशोधनको माग गर्दै विपक्षी दलले बिहीबार पनि मधेश प्रदेशसभा बैठक अवरोध गरेका छन्। प्रमुख प्रतिपक्षी जसपा नेपाल र प्रतिपक्षी जनमत पार्टीले सदन अवरुद्ध गरेका हुन्।

बैठकको सुरुमै जनमतका सांसद संजयकुमार यादवले सरकारले एक करोडको बजेट ल्याउने नाममा टुक्रे योजनाहरू भएको बजेट ल्याएर संघीयतामाथि झन् वितृष्णा बढाउन खोजेको आरोप लगाए। उनले बजेट संशोधन नभएसम्म प्रतिपक्षी दुबै दलले सदन चल्न नदिने अडान लिए।

यस्तै, जसपा नेपालका सांसद उपेन्द्र महतोले पनि बजेट संशोधन हुनुपर्ने वा छानविन समिति गठन गरे मात्र सदन चल्न दिने बताए।

प्रतिपक्षीले सदन अवरुद्ध गरेपछि

बाँकी पृष्ठ ३ ▸▸




## पूर्वसांसद लक्ष्मी महतो कोइरी पक्राउ

**अपन दैनिक संवाददाता**
**महोत्तरी, असार १८ गते**

बुधबार उच्च अदालत जनकपुरबाट पाँच वर्ष सजाय तोकिएका पूर्वसांसद लक्ष्मी महतो कोइरीलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी पंचलाल गोलेको कमान्डमा खटिएको टोलीले कोइरीलाई बिहीबार साँझ गौशाला नगरपालिका- ५ स्थित एमाले पार्टी कार्यालयअगाडिबाट पक्राउ गरेको हो।

सशस्त्र प्रहरी असइ थमन विक हत्या मुद्दामा जिल्ला अदालत महोत्तरीको सफाइ दिने फैसला आंशिक उल्ट्याउँदै उच्च अदालत जनकपुरले बुधबार कोइरीलाई पाँच



वर्ष सजाय सुनाएको थियो। उच्चको फैसला कार्यान्वयन गर्न प्रहरीले कोइरीलाई नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी गोलेले गौशाला- २,

बाँकी पृष्ठ ४ ▸▸

## श्रममन्त्री यादव भन्छन्- ढुक्क हुनुस्, हामी देश यसैपालि बनाउँछौं

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार १८ गते**

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले सरकारले नेपालमै आकर्षक रोजगारीको आधार निर्माण गर्न लागेको बताएका छन्।

मन्त्रालयमा बिहीबार आयोजित सम्मान कार्यक्रममा उनले नेपालको श्रम बजारलाई सीपयुक्त, सम्मानजनक र आकर्षक रोजगारीको अवसर सिर्जना गर्ने दिशामा सरकारले काम गरिरहेको बताएका हुन्।



विदेश जाने युवाले पनि सीप, प्रविधि र ज्ञान आर्जन गरी थप सक्षम भएर

बाँकी पृष्ठ २ ▸▸

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# संघीयतामाथि प्रहार किन ?



**लोकमणि बन्जाडे**

## संघीयता सङ्कटमा

निश्चय नै लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताबारे फरक-फरक धारणा राख्ने राजनीतिक शक्तिहरु देशमा छन् । कसैले संघीयतालाई आर्थिक भारको रूपमा व्याख्या गर्छन् भने कसैले यसले राष्ट्रिय एकतालाई कमजोर बनाउने तर्क प्रस्तुत गर्छन् ।




बलिया राज्यका शासकहरूले कमजोर राज्यहरूमाथि आक्रमण गरी तिनको सत्ता आफ्नो शासनमा समाहित गर्ने क्रमसँगै आधुनिक नेपालको निर्माण भएको हो । यही ऐतिहासिक प्रक्रियाको परिणामस्वरूप आज हामीले नेपाली भनेर गौरव गर्न पाएका छौं।

एकीकरणसँगै औपचारिक रूपमा सामन्तवादको विकाससँगै जातीय, क्षेत्रीय, लैङ्गिक, धार्मिक, भाषिक तथा सामुदायिक आधारमा विभेद संस्थागत हुँदै गयो । स्थानीय स्रोत-साधनमाथि केन्द्रीय सत्ताको नियन्त्रण बढ्दै गयो भने अवसर र वितरण प्रणालीमा पनि पहुँच, परिवार, क्षेत्र र समुदायका आधारमा असमानता कायम रह्यो। बाहिरबाट "सुन्दर र शान्त नेपाल" को छवि प्रस्तुत गरिए पनि भित्रभित्रै धेरै समुदाय र क्षेत्रका नागरिकहरू पुस्तौंदेखि विभेद, उपेक्षा र अधिकार हरणको पीडा बोकेर बाँच्न बाध्य भए।

समयसँगै विश्वभर मानव अधिकार, स्थानीय पहिचान, भाषा, कला र संस्कृतिको संरक्षण तथा समानताको बहस सशक्त बन्दै गयो । नेपालमा पनि लामो समयदेखि दबिएका आवाजहरू विभिन्न सामाजिक आन्दोलन, गैरसरकारी संस्था तथा मुक्ति आन्दोलनका रूपमा अभिव्यक्त हुन थाले।

यही अन्तर्विरोधलाई राजनीतिक रूपमा संगठित गर्दै तत्कालीन नेकपा (माओवादी)ले केन्द्रीकृत तथा एकात्मक राज्य व्यवस्थाविरुद्ध सशस्त्र संघर्ष सुरु गर्‍यो। दशक लामो युद्धमा सबैभन्दा बढी संगठित हुने, आश्रय दिने, ज्यान गुमाउने, बेपत्ता हुने तथा अंगभंग हुनेहरूमा पनि तिनै उत्पीडित क्षेत्र र समुदायका नागरिकहरूको उल्लेखनीय सहभागिता रह्यो।

अन्ततः १२ बुँदे समझदारी र विस्तृत शान्ति सम्झौतापछि ती समुदाय र क्षेत्रहरूले आफ्नो अधिकार प्राप्त गर्ने आशा बलियो बन्यो। तर त्यससँगै देशमा जातीय तथा क्षेत्रीय अतिवादका बहसहरू पनि तीव्र बन्न थाले । समान अधिकारको पक्षमा उभिएका कतिपय नेतृत्वहरू समेत आफ्नो समुदायको समस्यालाई प्राथमिक र अरूका समस्यालाई गौण ठान्ने प्रवृत्तिमा देखिए।

अर्कोतर्फ पुराना राजनीतिक शक्तिहरू पनि यही परिस्थितिलाई उपयोग गरी पुरानै शक्ति संरचना जोगाउने प्रयासमा सक्रिय देखिए।

दोस्रो संविधानसभा निर्वाचनपछि शक्ति सन्तुलन फेरियो । युद्धरत पक्ष कमजोर बन्दै गयो भने पुराना राजनीतिक दलहरू पुनः बहुमतमा पुगे। परिणामस्वरूप पूर्ण अधिकार सम्पन्न नभए पनि मिश्रित प्रकृतिको संघीय व्यवस्था, धर्मनिरपेक्षता र लोकतान्त्रिक गणतन्त्रसहितको संविधान निर्माण भयो । यससँगै नेपाल औपचारिक रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्‍यो।

संविधानमा स्थापित अधिकारहरू पर्याप्त नभएको भन्दै विभिन्न क्षेत्रबाट असन्तुष्टि व्यक्त भए तापनि अधिकांश नागरिकले यसलाई ऐतिहासिक उपलब्धिका रूपमा स्वीकार गरे । समयक्रममा संघीयता अझ परिष्कृत, अधिकारसम्पन्न र प्रभावकारी बन्दै जाने अपेक्षा गरिएको थियो। जनताले विकास, समावेशिता र अवसरको विस्तारको आशा गरेका थिए।

संविधान जारी भएयता राजनीतिक नेतृत्वले संघीयताको मर्मअनुसार कार्य गर्न नसकेको आरोप निरन्तर लाग्दै आएको छ । सरकारहरू बारम्बार फेरिने, गठबन्धनहरू बदलिने र सत्ताकेन्द्रित राजनीति हावी हुने क्रम जारी रह्यो। स्थानीय तहलाई केही अधिकार हस्तान्तरण गरिए पनि प्रदेश सरकारहरूलाई पर्याप्त अधिकार र स्रोत उपलब्ध गराइएन। परिणामस्वरूप प्रदेश संरचनालाई प्रभावकारी शासनको माध्यमभन्दा पनि राजनीतिक व्यवस्थापनको थलोका रूपमा चित्रित गरियो। यसले आम नागरिकबीच प्रदेश सरकारप्रति निराशा र संघीयताप्रति अविश्वास बढाउने काम गर्‍यो।

परिवर्तनप्रतिको आकांक्षा, रोजगारीको अभाव, राजनीतिक अस्थिरता, सीमित समूहको राजनीतिक तथा आर्थिक प्रभाव र नेतृत्व वर्गको जीवनशैलीप्रति बढ्दो असन्तुष्टिले नयाँ राजनीतिक शक्तिहरूको उदयका लागि वातावरण तयार गर्‍यो। यही पृष्ठभूमिमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो पहिलो महाधिवेशनबाट प्रदेशसभा खारेजीको नीति पारित गरेको विषयले पुनः संघीयताको भविष्यबारे बहसलाई तीव्र बनाएको छ।

निश्चय नै लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताबारे फरक-फरक धारणा राख्ने राजनीतिक शक्तिहरू देशमा छन् । कसैले संघीयतालाई आर्थिक भारको रूपमा व्याख्या गर्छन् भने कसैले यसले राष्ट्रिय एकतालाई कमजोर बनाउने तर्क प्रस्तुत गर्छन्। तर संघीयताको मूल प्रश्न केवल प्रशासनिक संरचनाको मात्र होइन; यो ऐतिहासिक रूपमा उपेक्षित समुदाय, क्षेत्र र पहिचानको प्रतिनिधित्व तथा सहभागितासँग पनि जोडिएको विषय हो।

आज पनि मधेशमा सीमाको रक्षा गर्ने नागरिकलाई भारतीयको दृष्टिले हेर्ने, हिमाली क्षेत्रका नागरिकलाई तिब्बती ठान्ने, पूर्वका जनजातीय समुदायलाई शंकाको दृष्टिले हेर्ने, थारू समुदायलाई ऐतिहासिक पूर्वाग्रहको आधारमा मूल्याङ्कन गर्ने तथा दलित र दुर्गम क्षेत्रका नागरिकलाई दोस्रो दर्जाको व्यवहार गर्ने सोच समाजका विभिन्न तहमा विद्यमान छ। यस्ता प्रवृत्तिहरू अन्त्य नगरी केवल संरचना परिवर्तन गरेर मात्र समावेशी राष्ट्र निर्माण सम्भव हुँदैन।

त्यसैले वर्तमान परिस्थितिमा आवश्यक कुरा संघीयताको खारेजी होइन, यसको कमजोरीहरूको सुधार हो। अधिकार, स्रोत र जिम्मेवारीको स्पष्ट बाँडफाँटसहित प्रभावकारी तथा उत्तरदायी संघीय प्रणाली निर्माण गर्नु नै राष्ट्रिय एकतालाई बलियो बनाउने मार्ग हुन सक्छ। नयाँ राजनीतिक शक्तिहरूले पनि संघीयतालाई केवल राजनीतिक नारा वा प्रयोगका रूपमा नभई ऐतिहासिक रूपमा दबिएका समुदायहरूको आवाज र अधिकारसँग जोडिएको विषयका रूपमा बुझ्न आवश्यक छ।

यदि, परिवर्तनको नाममा अधिकार पुनः केन्द्रीकरण गर्ने प्रयास गरियो भने त्यसले राजनीतिक असन्तुष्टि मात्र होइन, भविष्यमा गम्भीर सामाजिक र राष्ट्रिय चुनौतीहरू पनि निम्त्याउन सक्छ। त्यसैले समयको माग संघीयताको अन्त्य होइन, यसको परिमार्जन, सुदृढीकरण र प्रभावकारी कार्यान्वयन हो।

## सम्पादकीय...

### इन्धनको मूल्य घट्दा पम्प बन्द गर्नु गैरजिम्मेवारी

विश्वबजारमा पेट्रोलियम पदार्थको मूल्य निर्धारणमा अन्तर्राष्ट्रिय राजनीति, भूराजनीतिक तनाव र आपूर्ति व्यवस्थाको प्रत्यक्ष प्रभाव पर्छ। विशेषगरी तेल उत्पादक खाडी क्षेत्र अशान्त हुँदा त्यसको असर विश्व अर्थतन्त्रसँगै नेपालजस्ता आयातमा निर्भर मुलुकमा पनि तत्काल देखिन्छ। केही समयअघि इरान-इजरायल-अमेरिकाबीच बढेको तनावका कारण विश्व बजारमा कच्चा तेल र ग्यासको आपूर्तिमा अनिश्चितता सिर्जना भयो। त्यसको प्रत्यक्ष असर नेपालमा पनि पर्‍यो। इन्धनको मूल्य बढ्यो, ढुवानी खर्च महँगियो र समग्र महँगीले उपभोक्ताको दैनिक जीवन थप कष्टकर बनायो। तर अहिले परिस्थिति परिवर्तन भएको छ। मध्यपूर्वमा तनाव केही मत्थर भएको छ भने अमेरिका र इरानबीचको समझदारीपछि विश्व बजारमा इन्धन आपूर्ति सहज बन्दै गएको छ। यसको प्रभावस्वरूप अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्न थालेको छ। त्यसअनुसार नेपाल आयल निगमले पनि इन्धनको मूल्य घटाएको छ। मूल्य घटाइनु उपभोक्ताका लागि राहतको विषय हो। तर यही निर्णयलाई बहाना बनाएर देशभर धेरै पेट्रोल पम्पहरूले सेवा नै बन्द गर्नु अत्यन्त गैरजिम्मेवार र उपभोक्तामाथिको अन्यायपूर्ण व्यवहार हो।

व्यापार भनेको नाफा र जोखिम दुवैको संयोजन हो। अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा पहिले सस्तोमा खरिद गरिएको इन्धन पनि नयाँ, महँगो मूल्यमा बिक्री गरेर व्यवसायीहरूले राम्रो नाफा कमाउने गरेका छन्। त्यतिबेला उपभोक्ताको हित वा घाटाको चिन्ता उनीहरूले गर्दैनन्। तर मूल्य घट्नेबित्तिकै पुरानो मौज्दात सस्तोमा बेच्न नचाहेर पेट्रोल पम्प नै बन्द गर्नु व्यापारिक नैतिकता विपरीतको कार्य हो। यसले बजारमा कृत्रिम अभाव सिर्जना गर्ने, उपभोक्तालाई अनावश्यक सास्ती दिने र मूल्य घटाउने सरकारी निर्णयलाई समेत निष्प्रभावी बनाउने प्रयास गर्दछ। इन्धन अत्यावश्यक वस्तु हो। यसको सहज उपलब्धता सुनिश्चित गर्नु राज्यको दायित्व हो। पेट्रोल पम्प सञ्चालन गर्ने व्यवसायीले पनि इजाजतपत्र लिएर सार्वजनिक सेवा प्रदान गरिरहेका हुन्छन्। त्यसैले उनीहरू आफ्नो स्वार्थअनुसार सेवा बन्द गर्न स्वतन्त्र हुन सक्दैनन्। यस्तो कार्यले सर्वसाधारण, सार्वजनिक यातायात, उद्योग, व्यवसाय र आपत्कालीन सेवासमेत प्रभावित हुन्छन्। नागरिकलाई दुःख दिएर व्यवसायिक स्वार्थ पूरा गर्ने प्रवृत्तिलाई कुनै पनि हालतमा स्वीकार गर्न सकिँदैन।

यस विषयमा नेपाल आयल निगम, सम्बन्धित नियामक निकाय र सरकारले तत्काल प्रभावकारी कदम चाल्न आवश्यक छ। सेवा अवरुद्ध गर्ने पेट्रोल पम्पमाथि छानबिन गरी कानुनबमोजिम कारबाही हुनुपर्छ। भविष्यमा यस्ता घटना दोहोरिन नदिन कार्यविधि, अनुगमन र दण्ड व्यवस्थालाई अझ प्रभावकारी बनाइनुपर्छ। साथै उपभोक्ताको अधिकार संरक्षणलाई केन्द्रमा राखेर इन्धन वितरण प्रणालीलाई थप पारदर्शी र उत्तरदायी बनाउनु आजको आवश्यकता हो। बजार अर्थतन्त्रको आधार प्रतिस्पर्धा र सेवा हो, कृत्रिम अभाव सिर्जना गरेर उपभोक्तालाई दबाबमा पार्ने प्रवृत्ति होइन। इन्धनको मूल्य घट्दा त्यसको लाभ उपभोक्तासम्म पुग्नुपर्छ। मूल्यवृद्धिबाट नाफा कमाउने तर मूल्य घट्दा सेवा नै बन्द गर्ने मानसिकता न त व्यावसायिक मर्यादासँग मेल खान्छ, न त सामाजिक उत्तरदायित्वसँग। त्यसैले सरकार कठोर नियमनमा उत्रिनुपर्छ र व्यवसायीले पनि उपभोक्ताप्रतिको आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ।

### बुहारीलाई आत्महत्या गर्न बाध्य बनाएको .......

गरेको र घटनाबारे गाउँमा बसेको पंचायतमा बयान फेर्न दबाव दिएका थिए।

प्रहरीका अनुसार आरोपितले मृतकलाई बयान नफेरे हत्या गर्ने धम्की दिएको अनुसन्धानमा खुलेको छ। धम्कीकै कारण सरस्वतीले आत्महत्या गर्न बाध्य भएको प्रहरीको दाबी छ।

गाउँमा भएको पंचायतीका क्रममा पीडित महिलालाई नै हप्कीदप्की लगाई घटना समासुम पार्ने प्रयास भएको थियो। पंचायतमा संलग्नहरू पनि फरार छन्। उनीहरूको खोजी जारी रहेको डीएसपी घिमिरले जनाए।

पक्राउ परेका रामेश्वरलाई आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धानका लागि पाँच दिनको म्याद थप गरिएको प्रवक्ता घिमिरेले जानकारी दिए।

### श्रममन्त्री यादव भन्छन्- ढुक्क हुनुस् ............

स्वदेश फर्किने वातावरण तयार पारिने उनले बताए।

सरकारले आन्तरिक रोजगारी प्रवर्द्धनसँगै वैदेशिक रोजगारीलाई सुरक्षित, सीपमुखी र उत्पादनमुखी बनाउने नीति अवलम्वन गरेको उनको भनाइ छ।

उनले वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई उद्यमशीलता मार्फत स्वदेशमै स्थापित गर्ने सरकारको नीति रहेको बताए।

विदेशबाट फर्किएका उद्यमीहरू अन्य श्रमिकका लागि प्रेरणाको स्रोत भएको उनको भनाइ छ। उनले रास्वपा नेतृत्वको सरकारले पाँच वर्षभित्रै देश बस्न लायक बनाउने दाबी गरे।

उनले भने, 'यो सरकार नेपालको श्रम बजारलाई सीपयुक्त, उद्यमशिलता र रोजगारीका लागि सम्मानजनक र आकर्षक बनाउन प्रतिबद्ध छ। हामी यस्तो बलियो आधार निर्माण गर्दैछौं, जसले युवाहरूलाई नेपालमै बस्ने वातावरण बनाउनेछ। र यदि तपाईं विदेश जान चाहनुहुन्छ, संसार हेर्न चाहनुहुन्छ, नयाँ कुरा सिक्न चाहनुहुन्छ र आर्जन गर्न चाहनुहुन्छ भने पनि तपाईं नयाँ सीप, प्रविधि र ज्ञान लिएर अझ सक्षम भएर फर्किन सक्ने वातावरण निर्माण भइरहेको छ। ढुक्क हुनुहोस्, हामी देश यसैपालि बनाउँछौं।'

## आजको राशिफल

**मेष :** आज नयाँ कामको थालनी गर्नका लागि मनमा उत्साह रहनेछ। आर्थिक क्षेत्रमा गरिएका प्रयासहरू सफल हुनेछन्।

**बृष :** सञ्चित धनमा वृद्धि हुने योग छ। बोली र व्यवहारको प्रभावले रोकिएका पुराना कामहरू बन्नेछन्।

**मिथुन :** कला, साहित्य वा प्राज्ञिक क्षेत्रमा लाग्नुभएकाहरूका लागि आजको दिन विशेष सफलता मिल्नेछ।

**कर्कट :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले विलासिताका वस्तुहरू खरिद गर्दा बजेटको ध्यान राख्नुहोला।

**सिंह :** लामो समयदेखि रोकिएको धन फिर्ता आउने योग छ, जसले आर्थिक रूपमा ठूलो राहत मिल्नेछ।

**कन्या :** करियर र कार्यक्षेत्रमा नयाँ अवसरहरू मिल्नेछन्। जागिर वा व्यवसायमा पदोन्नति वा प्रशंसा पाउन सकिनेछ।

**तुला :** भाग्यले साथ दिनेछ। अध्यात्म, धर्म र परोपकारी कार्यमा रुचि बढ्नेछ।

**वृश्चिक :** खानपानमा नियन्त्रण राख्नुहोला र मानसिक तनावबाट बच्न योग-ध्यान गर्नुहोला।

**धनु :** बृहस्पतिवारको प्रभावले यस राशिका व्यक्तिहरूमा धार्मिक र बौद्धिक चेतना बढ्नेछ।

**मकर :** पुराना स्वास्थ्य समस्याहरू कम हुँदै जानेछन् र शरीरमा नयाँ ऊर्जा महसुस हुनेछ।

**कुम्भ :** सन्तान पक्षबाट कुनै सुखद वा उत्साहजनक समाचार सुन्न पाइनेछ।

**मीन :** आज घरायसी वा पारिवारिक विषयमा अलि बढी समय दिनुपर्ने हुन सक्छ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

**गर्मी मौसममा सावधानी अपनाऔ, सुरक्षित बनौं**

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं।
- अत्यधिक घाममा लामो समयसम्म नबसौं।
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं।
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं।
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं।
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# वीरगन्जको मुख्य सडक विस्तारमा पुरानै 'एलाइनमेन्ट' कायम गर्न उद्योग वाणिज्य संघको आग्रह



✍ **अपन दैनिक संवाददाता**
**पर्सा, असार १८ गते**

वीरगन्ज उद्योग वाणिज्य संघले वीरगन्जको मुख्य सडक विस्तारको विषयमा सरकारलाई पुनर्विचार गर्न आग्रह गर्दै ऐतिहासिक तथा व्यापारिक महत्त्व बोकेको बजार क्षेत्र जोगिने गरी पुरानै निर्णयअनुसारको एलाइनमेन्ट कार्यान्वयन गर्न माग गरेको छ।

संघले सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई बिहीबार काठमाडौंमा भेटेर बुझाएको ज्ञापनपत्रमार्फत वीरगन्जको विकासका नाममा बजार क्षेत्रलाई विस्थापित गर्ने कुनै पनि योजना स्वीकार्य नहुने जनाएइको छ।

ज्ञापनपत्रमा वीरगन्ज मुलुककै प्रमुख व्यापारिक प्रवेशद्वार भएको उल्लेख गर्दै यहाँबाट हुने आयात-निर्यातले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको स्मरण गराइएको छ। त्यसैले सडक विस्तारको योजना बनाउँदा स्थानीय व्यापार, उद्योग, ऐतिहासिक सम्पदा र सर्वसाधारणको जनजीवनमा पर्ने प्रभावलाई प्राथमिकताका साथ मूल्याङ्कन गर्नुपर्ने संघको भनाइ छ।

संघका अध्यक्ष हरिप्रसाद गौतम नेतृत्वको संघका पदाधिकारीसहितको टोलीले बुझाएको ज्ञापनपत्रमा, २०७२ सालमा मन्त्रिपरिषद्ले त्रिभुवन राजपथको वीरगन्ज खण्डमा रहेको पुरानो सडकको एलाइनमेन्ट परिवर्तन गरी परवानीपुर-बहुअरी क्षेत्रमा रहेको एकीकृत जाँच चौकी जोड्ने नयाँ मार्ग निर्माण गर्ने निर्णय गरेको उल्लेख छ।

उक्त निर्णयअनुसार नयाँ सडक निर्माण भई सन्चलनमा समेत आइसकेको अवस्थामा फेरि पुरानै बजार क्षेत्रबाट सडक विस्तार गर्ने तयारी हुनु नीतिगत रूपमा पनि उचित नदेखिएको संघको तर्क छ। संघले पुरानो बजार क्षेत्रबाट सडक विस्तार गरिए सयौं व्यवसाय, घर, मठमन्दिर तथा ऐतिहासिक संरचना प्रभावित हुने जनाएको छ। यसबाट वीरगन्जको आर्थिक गतिविधिमा नकारात्मक असर पर्ने मात्र नभई दशकौंदेखि सन्चालनमा रहेका व्यापारिक प्रतिष्ठान विस्थापित हुने, स्थानीय रोजगारीमा असर पुग्ने र सांस्कृतिक सम्पदासमेत जोखिममा पर्ने उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा वीरगन्जको ऐतिहासिक बजार क्षेत्र संरक्षण गर्दै हाल सन्चालनमा रहेको वैकल्पिक मार्ग तथा आईसीपी जोड्ने सडकलाई प्रभावकारी रूपमा प्रयोग गर्नुपर्ने सुझाव दिइएको छ। विकास निर्माणका नाममा पुरानो सहरको अस्तित्व मेटिने गरी योजना अघि बढाउनु उपयुक्त नहुने भन्दै सडक विस्तारका विषयमा स्थानीय सरकार, सरोकारवाला निकाय, व्यवसायी तथा नागरिकसँग पर्याप्त छलफल गरेर मात्र निर्णय लिन आग्रह गरिएको छ।

संघले ज्ञापनपत्रमा अन्तर्राष्ट्रिय अभ्यासमा समेत ऐतिहासिक तथा घना व्यापारिक क्षेत्रलाई संरक्षण गर्दै वैकल्पिक बाइपास वा बाहिरी मार्गको विकासलाई प्राथमिकता दिने गरिएको उल्लेख गरेको छ। वीरगन्जको सन्दर्भमा पनि त्यही अभ्यास अवलम्बन गरिनुपर्ने भन्दै सहरको व्यापारिक, सांस्कृतिक र ऐतिहासिक पहिचान जोगाउने गरी पूर्वनिर्णय कार्यान्वयन गर्न संघले सरकारसँग माग गरेको छ।

संघले वीरगन्ज नेपालको प्रमुख आर्थिक केन्द्र भएकाले यहाँको विकास योजनाले स्थानीय व्यवसायी मात्र होइन, समग्र राष्ट्रिय अर्थतन्त्रलाई समेत प्रभाव पार्ने जनाएको छ। त्यसैले मुख्य सडक विस्तारको विषयमा दीर्घकालीन सोचका साथ निर्णय गर्नुपर्ने र पुरानो बजार क्षेत्रको संरक्षणलाई उच्च प्राथमिकता दिनुपर्ने माग ज्ञापनपत्रमार्फत गरिएको छ। ज्ञापनपत्र बुझ्दै लामिछानेले आफूले संघको माग सम्बन्धित निकायसम्म पुऱ्याउने प्रतिबद्धता जनाएको संघका वरिष्ठ उपाध्यक्ष माधव राजपालले जानकारी दिए।

# तीन सय विद्यार्थीलाई लागुऔषधविरुद्ध सचेतना प्रशिक्षण



✍ **अपन दैनिक संवाददाता**
**सप्तरी, असार १८ गते**

सप्तरीको राजगढ गाउँपालिका-स्थित जनता शङ्कर माध्यमिक विद्यालय, नर्घोका करिब ३०० विद्यार्थीलाई लागुऔषध दुर्व्यसनविरुद्ध सचेत बनाउन प्रशिक्षण प्रदान गरिएको छ।

राजगढ गाउँपालिकाको आर्थिक सहयोग तथा मिसन मधेश मिडिया प्रालिको आयोजनामा सम्पन्न प्रशिक्षणमा लागुऔषधको प्रयोगले व्यक्ति, परिवार र समाजमा पार्ने नकारात्मक असर, प्रचलित कानुनी व्यवस्था तथा दुर्व्यसनबाट बच्ने उपायबारे जानकारी गराइएको थियो।

प्रशिक्षणका सहजकर्ता अधिवक्ता सतिशकुमार दत्तले उत्सुकता, साथीको दबाब वा क्षणिक मनोरञ्जनका कारण लागुऔषध प्रयोग सुरु गर्ने धेरै युवायुवती अन्ततः दुर्व्यसनको सिकार बन्ने भएकाले विद्यार्थीले सुरुदेखि नै 'नाइँ' भन्न सक्ने क्षमता विकास गर्नुपर्नेमा जोड दिए। उनले लागुऔषधले शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था र भविष्यमा गम्भीर असर पार्ने भएकाले सचेत रहन आग्रह गरे।

प्रहरी चौकी झुट्कीका प्रहरी नायब निरीक्षक विनोद खत्रीले नेपालमा लागुऔषधसम्बन्धी कानुनी व्यवस्था, ओसारपसार, बिक्रीवितरण तथा सेवनसँग सम्बन्धित कानुनी कारबाहीबारे जानकारी गराउँदै लागुऔषध नियन्त्रण अभियानमा विद्यार्थी स्वयं जिम्मेवार नागरिकका रूपमा सक्रिय हुनुपर्ने बताए।

कार्यक्रममा सहभागी कक्षा १० का विद्यार्थी चितनारायण मण्डल र मेनुका कुमारी यादवले प्रशिक्षणबाट लागुऔषध सेवनले स्वास्थ्य, अध्ययन र भविष्यमा पार्ने गम्भीर असरबारे उपयोगी जानकारी प्राप्त भएको बताए। उनीहरूले आफू मात्र होइन, आफ्ना साथीभाइलाई समेत लागुऔषधको प्रयोगबाट टाढा रहन प्रेरित गर्ने प्रतिबद्धता व्यक्त गरे।

विद्यालय तहमा सञ्चालन गरिएका यस्ता सचेतनामूलक कार्यक्रमले विद्यार्थीमा लागुऔषधप्रति सही बुझाइ विकास गर्न, दुर्व्यसनको जोखिम न्यूनीकरण गर्न तथा सुरक्षित र जिम्मेवार जीवनशैली प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास आयोजकले व्यक्त गरेको छ।

# होटल अनुगमन तीव्र, चार होटललाई जरिवाना



✍ **अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार १८ गते**

राजमार्ग आसपासका होटलमा अस्वच्छ तथा मापदण्डविपरीत खाद्य सामग्री उत्पादन र बिक्री वितरण भइरहेको गुनासो बढेपछि मधेश प्रदेश सरकारले होटल अनुगमनलाई तीव्र बनाएको छ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा बिहीबार जनकपुर-ढल्केबर सडकखण्डमा रहेका करिब डेढ दर्जन होटलमा गरिएको अनुगमनका क्रममा अधिकांश होटलले खाद्य स्वच्छतासम्बन्धी मापदण्ड पालना नगरेको पाइएको छ।

अनुगमनका क्रममा होटलका भान्सा (किचेन) अस्वच्छ रहेको, खाना पकाउँदा प्रतिबन्धित तेल प्रयोग गरिएको, होटलमा कार्यरत कर्मचारीका लागि आवश्यक सुरक्षा व्यवस्था नगरेको, म्याद नाघेका खाद्य सामग्री भण्डारण गरिएको तथा अखाद्य सामग्री प्रयोग गरिएको भेटिएको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी एवं निरीक्षण अधिकृत कृष्ण गैह्रेले जानकारी दिए।

उपभोक्ता संरक्षण ऐन, २०७५ विपरीत कार्य गरेको भन्दै चार होटललाई तत्काल कारबाही गरी कुल एक लाख ५० हजार रुपैयाँ जरिवाना गरिएको छ। गैह्रेका अनुसार बाजेको सेकुवालाई ७५ हजार रुपैयाँ, बाबाको ढावालाई ३५ हजार रुपैयाँ, कन्ची फ्राई चिकेन बर्गर हाउसलाई ३५ हजार रुपैयाँ र होटल रोयल सम्राटलाई पाँच हजार रुपैयाँ जरिवाना गरिएको हो।

अनुगमन टोलीका संयोजक मन्त्री महतोले उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने लापरबाही कुनै पनि हालतमा स्वीकार्य नहुने भन्दै होटल व्यवसायीलाई स्वच्छ, सफा र ताजा खाद्य परिकार मात्र बिक्री गर्न, मूल्यसूचीअनुसार सेवा दिन, अनावश्यक बढी मूल्य नलिन तथा प्रचलित खाद्य मापदण्ड पूर्ण रूपमा पालना गर्न निर्देशन दिएको बताए।

अनुगमन टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण गैह्रे, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामका प्रमुख विमलकुमार दहाल, सोही कार्यालयका रमेश दहाल तथा सुरक्षा निकायका प्रतिनिधिको सहभागिता रहेको थियो।

## बजेट विवादः ..........

सभामुख रामअशिष यादवले अनिश्चित समयका लागि बैठक स्थागित गरेका छन्। उनले अर्को सूचना नहुञ्जेलसम्मको लागि बैठक स्थगित भएको घोषणा गरेका हुन्।

यसअघि बुधबार पनि बजेटमाथि छलफलको लागि बसेको बैठक दुई दलको अवरोधका कारण १० मिनेटको लागि स्थगित गरिएको थियो। पछि बैठक पुनः बस्न सकेको थिएन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल


अपन दैनिक
❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म



# मधेशमा ९ वटा मन्त्रालयमा सीमित गर्न अध्ययन समितिको सिफारिस

अपन दैनिक संवाददाता
जनकपुरधाम, असार १८ गते

मधेश प्रदेश सरकारका मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकन गर्न गठित उच्चस्तरीय अध्ययन तथा सिफारिस समितिले प्रदेश सरकारका मन्त्रालयको संख्या ९ वटामा कायम गर्न सिफारिस गरेको छ।



समितिले मन्त्रालयहरूबीच देखिएको कार्यगत दोहोरोपन हटाइ प्रशासनिक खर्च घटाउने, सेवा प्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाउने तथा प्रदेश सरकारको संरचनालाई सुदृढ बनाउन मन्त्रालय संख्या घटाउनुपर्ने निष्कर्ष निकालेको हो।

समितिले आज मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई ५० पानाको प्रतिवेदन बुझाएको छ।

कार्यदलका संयोजक अर्थमन्त्री युवराज भट्टराईसहितले बुझाएकोप्रति प्रतिवेदनमा ९ वटा मन्त्रालयमा सीमित गर्न निष्कर्ष निकालेको छ।

यसले प्रशासनिक दक्षता वृद्धि हुने, नीतिगत समन्वय सुदृढ हुने, सार्वजनिक खर्चमा मितव्ययिता आउने, एकल बिन्दुबाट सेवा प्रवाह सहज हुने, डिजिटल शासन विस्तार हुने तथा नागरिकले छिटो, सरल र गुणस्तरीय सेवा प्राप्त गर्ने अपेक्षा गरिएको छ।

समितिले प्रस्तावित पुनर्संरचनाको कार्यान्वयनबाट प्रदेश सरकार सानो तर सक्षम, उत्तरदायी र परिणाममुखी प्रशासनिक संरचनामा रूपान्तरण हुने विश्वास व्यक्त गरेको छ।

साथै विकास बजेटको प्रभावकारी उपयोग, प्रशासनिक दक्षता, नीतिगत समन्वय तथा सेवा प्रवाहको प्रभावकारितामा सकारात्मक सुधार आउने उल्लेख गर्दै प्रतिवेदनलाई प्रदेश सरकारको प्रशासनिक सुधार र आधुनिक, सुशासनयुक्त तथा नागरिकमैत्री सेवा प्रणाली निर्माणका लागि महत्त्वपूर्ण आधार दस्तावेजका रूपमा प्रस्तुत गरिएको छ।

समितिले संविधान, प्रचलित कानुन, प्रदेश सरकारका नीति तथा कार्यक्रम, बजेट वक्तव्य, संघीय सरकारको पुनर्संरचनासम्बन्धी अनुभव, प्रशासनिक सुधारका अध्ययन तथा प्रदेशको बदलिँदो प्रशासनिक संरचना, उपलब्ध स्रोत-साधन र जनअपेक्षालाई आधार मानेर प्रतिवेदन तयार गरेको जनाएको छ।

प्रतिवेदनमा मन्त्रालयहरूबीच रहेको कार्यगत दोहोरोपन हटाउने, प्रशासनिक खर्च नियन्त्रण गर्ने, वित्तीय अनुशासन कायम गर्ने तथा प्रदेश सरकारको संगठनलाई 'राइटसाइजिङ' गर्न आवश्यक रहेको उल्लेख छ।

सीमित स्रोत-साधनलाई विकास निर्माणमा केन्द्रित गर्न मन्त्रालय संख्या घटाई कार्यक्षेत्र स्पष्ट बनाउनुपर्ने निष्कर्षसमेत प्रतिवेदनले निकालेको छ।

मधेशमा हाल मुख्यमन्त्री कार्यालयबाहेक १२ मन्त्रालय छ। मन्त्रालयको संख्या र कार्यविभाजन पुनरावलोकन गर्ने उद्देश्यले १९ जेठ २०८२ मा समिति गठन गरिएको थियो।

कार्यप्रकृति, कार्यजिम्मेवारी तथा कार्यबोझको विश्लेषण गरी गाभ्न मिल्ने वा हटाउनुपर्ने मन्त्रालय पहिचान गर्ने तथा संशोधित कार्यविभाजन नियमावलीको मस्यौदा तयार गरी ३० दिनभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको थियो।

यो प्रतिवेदन कार्यान्वयन भए आगामी साउनदेखि दुईवटा मन्त्रालय घटाएर ९ वटा बनाइने छ।

# वडासचिवले गरे एकैपटक बाह्र दिनको हाजिर

अपन दैनिक संवाददाता
सिरहा, असार १८ गते

लहान नगरपालिका- १७, तेरगाना गोविन्दपुर वडा कार्यालयका सचिवले चालू आर्थिक वर्षको असार मसान्तसम्मको एकैपटक हाजिर गरेको पाइएको छ। लहान- ५ घर रहेका अधिकृत छैटौं दर्जाका वडासचिव राजकुमार साहले १७ असार (बुधबार) देखि ३२ असारसम्म १६ दिनमध्ये दुई-दुई शनिबार र आइतबार गरी चार दिनको बिदा कटौती गरी १२ दिनको हाजिर एकैपटक गरेको पाइएको हो।

कार्यालय पुगेर आफूले हाजिर गरेपछि वडामा कार्यरत अन्य कर्मचारीको पनि हाजिर गराउनुपर्ने कार्यालय प्रमुखले नै एकैपटक हाजिर गर्न मिल्छ भन्ने प्रश्नमा वडासचिव साहले भूलवश झुक्किएर एकैपल्ट हाजिर गरेको स्विकारे। 'गत जेठमा बुबाको निधन भएपछि केही दिन बिदामा बसेको थिएँ,' उनले भने, 'तेह्रौं दिनको कर्म सिध्याएसँगै बिदा पनि सकेकाले कार्यालय आउँदा सेवाग्राहीको पनि भिडभाड भएकाले झुक्किएर असार मसान्तसम्मको हाजिर गर्न पुगेछु भूलवश त्यस्तो हुन गएको हो।'

वडा कार्यालयमा आएका पत्रकारसँग कुराकानी गर्ने क्रममा हाजिरको प्रसंग निस्किँदा एकैपटक हाजिर गरेको थाहा पाएपछि केरमेट नगरेको, तर आफू दैनिक रूपमा समयमै कार्यालय आउने-जाने गरिरहेको उनको दाबी छ।

लहान- १५ का वडाध्यक्ष प्रथमलाल चौधरीले बिहान ९ बजे कार्यालयमा हाजिर भइसक्नुपर्ने वडासचिव प्रायः ढिलो आउँदा सेवाग्राहीहरूको भिड हुने गरेको बताए। 'वडासचिवले असार मसान्तसम्मको हाजिर एकैपटक गरेको वडामै कार्यरत अर्को कर्मचारीबाट थाहा पाएँ' उनले भने। महिनाभरिको एकैपटक हाजिर गरेको पाइएपछि हाजिरी रजिस्टर नियन्त्रणमा लिइएको उनले बताए।

# गाई गौशालाको जग्गामा ढल निकास नगर्न उच्च अदालतको आदेश



अपन दैनिक संवाददाता
जनकपुरधाम, असार १८ गते

मञ्जुरी बिना गौशाला नगरपालिकाले ढल निकास गर्न खोजेपछि रोक्न गएका निगौल गाई गौशालाका कार्यालय प्रमुख कान्तिकुमारी पाण्डेको विवादमा उच्च अदालत जनकपुरले नगरपालिकाको नाममा निषेधाज्ञा आदेश जारी गरेको छ।

उच्च अदालत जनकपुरले निगौल गाई गौशालाको जग्गामा मञ्जुरी बिना गौशाला नगरपालिकालाई हस्तक्षेप नगर्न दिएको आदेशको उल्लंघन गरेको बेलामा उच्च अदालतले पुन: १५ दिने म्यादसहितको लिखित जवाफ पेश गर्न भन्दै कुनै प्रकारको ढल निकास एवं पक्की नाला निर्माण गर्नेलगायतका कुनै कार्य तत्काल नगर्नु नगराउनु, निर्माण कार्य शुरु गरेको भए यथास्थितिमा राखु भनी आदेश गरेको हो।

उच्च अदालत जनकपुर न्यायाधीश राजुराम सिलवालको एकल इजलासले दिएको आदेशमा भनिएको छ, 'निवेदनमा उल्लिखित कि.नं. ८२, ८३, ८४ को जग्गा निगौल श्री गोपाल गौशालाको नाउँमा रहेको भन्ने निवेदकले निवेदन साथ पेश गरेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपीबाट देखियो। उल्लेखित जग्गाको विषयमा यिनै निवेदकले यिनै विपक्षीहरुउपर दिएको निवेदन नं.०८२-००४३ को नि. नं.२८२ को निषेधाज्ञा मुद्दामा प्रस्तुत निवेदनमा उल्लेखित जग्गामा कुनै प्रकारले हस्तक्षेप नगर्नु नगराउनु भनी मिति २०८२-१०-२० गते यसै अदालतबाट विपक्षीहरुको नाउँमा आदेश भएको छ।'

आदेशमा थप भनिएको छ, 'निवेदकले निवेदनसाथ पेश गरेको फैसलाको प्रतिलिपिबाट देखिएको अवस्थामा पुन: निवेदक कार्यालयको नाउँमा रहेको उक्त जग्गाहरुमा निवेदक कार्यालय तथा सम्बन्धित विभागमा कानून बमोजिम समन्वय नगरी विपक्षीहरुबाट ढल निकासको कार्य गर्दा निवेदक निगौल श्री गोपाल गौशालालाई अपुरणीय क्षति हुन सक्ने देखिएकाले प्रस्तुत निवेदनको अन्तिम निर्णय नभएसम्म उक्त जग्गामा कुनै प्रकारले ढल निकास एवं पक्की नाला निर्माण गर्ने लगायतका कुनै कार्य तत्काल नगर्नु नगराउनु, निर्माण कार्य शुरु गरेको भए यथास्थितिमा राखु भनी विपक्षीहरुको नाउँमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिनु।'

निगौल गाई गौशाला व्यवस्थापन कार्यालयको तर्फबाट अख्तियारवाला कान्तिकुमारी पाण्डेको निवेदनको आधारमा उच्च अदालतले दोस्रो पटक निषेधाज्ञा मुद्दामा विपक्षी गौशाला नगरपालिकाको कार्यालयलाई भनेको छ, 'यसमा के कसो भएको हो? निवेदकको निवेदन माग बमोजिमको आदेश जारी हुन पर्ने हो, होइन? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सो समेत खुलाई यो सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षहरुले आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नुहोला भनी यो आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीको नाउँमा म्याद-सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु होला।'

यसै घटनामा निगौल गाई गौशाला व्यवस्थापन कार्यालयका प्रमुख कान्तिकुमारी पाण्डेलाई नगरपालिकाबाट खटिएको नगर प्रहरीको १० जनाको टोलीले गत बिहिबार साँझ करिब ५ बजे कुटपिट गरेको थियो। गौशाला नगरपालिकाले निगौल गाई गौशालाको जग्गामा बजार ठेक्का लगाउने र जबर्जस्ती ढल निकास गर्न खोजेपछि रोक्न गएको कार्यालय प्रमुखलाई पाण्डेलाई नगर प्रहरीहरुले दुर्व्यवहार गर्दै कुटपिट गरेको भिडियो सार्वजनिक भएको थियो। नगरपालिकाले गाई गौशालालाई करिब ६ करोड भुक्तानी नगर्दा विवाद लामो समयदेखि पटक-पटक विवाद हुँदै आएको निगौल गाई गौशालाका कार्यालय प्रमुख कान्ति पाण्डेको आरोप छ।

## बिनाकारण पेट्रोलपम्प बन्द गरे १० लाखसम्म .............

पेट्रोल, डिजेल वितरण रोक्न गर्ने पनि कानुनी व्यवस्था गरिएको छ।



पेट्रोलियम व्यवसायीले मूल्य घट्ने अनुमान गर्दै मंगलबार आयल निगमको डिपोबाट तेल नउठाउँदा बुधबार बिहानदेखि दिनभर देशभर इन्धन आपूर्ति असहज भएको थियो।

अत्यावश्यक पेट्रोलियम पदार्थको आपूर्ति असहज गर्ने व्यवसायीलाई कारबाही गर्ने कानुनी आधारसमेत नभेटिएपछि उद्योग वाणिज्य तथा आपूर्ती मन्त्री गौरीकुमारी यादवले बुधबार साँझ नयाँ कानुनी व्यवस्था गर्न निर्देशन दिएकी थिइन्।

मन्त्री यादवको निर्देशनलगत्तै बुधबार साँझ निगमको सञ्चालक समिति बैठक बसेर पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली २०७५ को विनियम २९ घ (१) मा 'बिक्रेताले नोजल सुख्खा (ड्राइ) गरी पेट्रोलियम पदार्थ नपाउने स्थिति सिर्जना गर्न नहुने' भन्ने वाक्य थपिएको छ।

उक्त कसुरमा पहिलो पटकलाई ३ लाख जरिबाना र ५ दिनसम्म निगमको डिपोबाट इन्धन आपूर्ति रोक्ला, दोस्रो पटकलाई ६ लाख जरिबाना लिई १० दिन आपूर्ति बन्द र तेस्रो पटक भए १० लाख जरिबाना लिई १५ दिनलाई आपूर्ति बन्द गर्ने व्यवस्था राखिएको छ।

यो व्यवस्थाका कारण आउँदा दिनमा कुनै पनि पेट्रोलपम्प उचित कारण बिना बन्द गरेको भेटिए कारबाही हुने सुनिश्चित भएको मन्त्रीको सचिवालयले जनाएको छ।

## पूर्वसांसद लक्ष्मी महतो कोइरी ...............

निगौल घर भएका कोइरीलाई पक्राउ गरिएको विज्ञप्तिमार्फत जानकारी गराएका छन्।

उच्च अदालतले जिल्लाबाट जन्मकैद सजायको फैसला भएकामध्ये पूर्वप्रदेश राज्यमन्त्री अभिराम शर्मा, जलेश्वर अस्पतालका पूर्वअध्यक्षहरू धर्मेन्द्र राय र सुरेश पाण्डे, पूर्वनगरप्रमुख रामशंकर मिश्र र पवन कापरको हकमा फैसला उल्टी गर्दै पाँच वर्ष जेल सजाय तोकेको छ।

सोही मुद्दामा जन्मकैदको सजाय पाएका प्रदीप माझी, संजयकुमार साह र मोहन ठाकुरको हकमा भने जिल्लाकै फैसला सदर भएको छ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७४४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बत्साहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाइन्छ।

# राष्ट्रपतिले राजीनामा दिंदा राम्रो हुन्छ: प्रभु साह

अपन दैनिक संवाददाता
काठमाडौं, असार १८ गते

आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रियता र संविधानको रक्षा गर्न नसकेको आरोप लगाउँदै उनलेपदबाट राजीनामा दिंदा राम्रो हुने बताएका छन्।



बिहीबार आजपाको सचिवालय बैठकलाई सम्बोधन गर्दै साहले राष्ट्रपति पौडेलले पदीय गरिमा कायम राख्न नसकेको र वर्तमान सरकारको 'रबरस्ट्याम्प' बनेको आरोप लगाए।

उनले जेनजी आन्दोलनका बेला राष्ट्रपति पौडेलले संसद् जोगाउन नसकेको र संविधानको संरक्षक हुँदाहुँदै संविधान मिचेर सुशीला कार्कीको नेतृत्वमा सरकार गठन गरिएको आरोप लगाए।

साहले विदेशी नागरिकलाई नेपालमा सरकारी जागिर र वंशजको नागरिकता दिने व्यवस्था राष्ट्रिय हितविपरीत रहेको दाबी गर्दै यस्ता विषयमा राष्ट्रपति वर्तमान सरकारको सारथी बनेको आरोप लगाए।

राष्ट्रपति पौडेलले असार ११ गते वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८३ प्रमाणीकरण गरेपछि साहले त्यसको विरोध गर्दै राष्ट्रपतिले राष्ट्रियताको रक्षा गर्न नसकेको आरोप लगाएका हुन्। उनका अनुसार उक्त विधेयक लागू भएपछि कोषको कार्यकारी अधिकृत (सीईओ) विदेशी नागरिक पनि हुन सक्नेछन्।

साहले राष्ट्रपति पौडेलले आफूले लिएको शपथको मर्यादासमेत जोगाउन नसकेको र सरकारको दबाबमा निरीह बनेको टिप्पणी गरे।

उनले सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ जारी गरिएको विषयमा पनि प्रश्न उठाउँदै विधिसम्मत नियुक्त भएका व्यक्तिहरूलाई हटाउने सरकारको कदममा राष्ट्रपति साक्षी बनेको आरोप लगाए।

यस्तै, सरकारले दरबार हत्याकाण्डको छानबिन गर्ने निर्णय गरेको उल्लेख गर्दै साहले उक्त घटना हुँदा तत्कालीन गृहमन्त्रीको जिम्मेवारीमा रहेका कारण नैतिकताका आधारमा पनि राष्ट्रपति पौडेलले राजीनामा दिनु उचित हुने धारणा राखे।

संसद्को अधिवेशन आह्वान गरेपछि अधिवेशन सुरु हुनुअघि नै स्थगित गरेर अध्यादेश ल्याउँदा पनि राष्ट्रपति मौन बसेको आरोप लगाउँदै साहले राष्ट्रपति पदबाट अलग भए देश र जनताको हित हुने दाबी गरे।